**Academic Voices**
**A Multidisciplinary Journal**
**Volume 7, No. 1, 2017**
**ISSN 2091-1106**

# पूर्वीय वस्तुसङ्गठनका आधारमा मुकुन्द इन्दिरा नाटक

**इन्द्रप्रसाद भट्टराई**

नेपाली विभाग, त्रिवि, ठाकुर राम बहुमुखी क्याम्पस, वीरगञ्ज, नेपाल
E-mail: academicvoices2010@gmail.com

**सार**

*यस लेखमा पूर्वीय वस्तुसङ्गठनका आधार उल्लेख गरी विभिन्न साक्ष्यहरूको आधारमा बालकृष्ण समद्वारा लिखित 'मुकुन्द इन्दिरा' नाटकको विश्लेषण गरिएको छ । भरतमुनिद्वारा प्रतिपादित पूर्वीय वस्तुसङ्गठनमा मुख्य तत्त्वका रूपमा आउने अर्थप्रकृति, नाट्यावस्था र पञ्च सन्धिलाई आधार मानी विश्लेषण गरिएको छ । मुकुन्द इन्दिरा नाटकको अध्ययन गर्दा ती तीनै अवस्था अन्तर्गत पर्ने पाँचपाँचवटै तत्त्वमध्ये अर्थप्रकृति अन्तर्गत पर्ने एक तत्त्व पताका बाहेक अन्य सबै तत्त्व र अवस्था नाटकमा घटित हुन पुगेका छन् । आरम्भ, बीज र मुख अन्तर्गत पर्ने कथावस्तुमा समानताको अवस्था छ भने अन्य अवस्थाहरू पनि यसरी नै समानान्तर रूपमा घटित हुन पुगेकाले वस्तुसङ्गठनका आधार नाटक सफल भएको निष्कर्ष निकालिएको छ ।*

**मुख्य शब्दहरू**

वस्तुसङ्गठन; अर्थप्रकृति; नाट्यावस्था; पञ्च सन्धि; आरम्भ

## परिचय

बालकृष्ण सम (वि.सं.१९५९-२०३९) नेपाली नाट्य जगत्का एक प्रज्वल नक्षत्र हुन्। वि.सं. १९८६ मा मुटुको व्यथा नाटक लेखेर नाट्य जगत्मा प्रवेश गरेका समका मुटुको व्यथा (१९८६), ध्रुव (१९८६), मुकुन्द इन्दिरा (१९९४), प्रह्लाद (१९९५), अन्धवेग (१९९६), बोक्सी (एकाङ्की, १९९९), भक्त भानुभक्त (२000), म (२००२) , प्रेमपिण्ड (२००९), भतेर (एकाङ्की, २०१०), अमरसिंह (२०१०), भीमसेनको अन्त्य (२०१२), तपोभूमि (एकाङ्की, २०१४), विद्या धनम् सर्वधनम् प्रधानम् (२०२०), नालापानीमा (२०२०), रणदुल्लभ (२०२०) , अत्याधुनिकता (२०२०) , बुहार्तन (२०२०), तलमाथि (२०२३), माटोको ममता (एकाङ्की ,२०२६), अमित वासना (२०२७), तानसेनको झरी (२०२७), बिरामी-कुरुवा (एकाङ्की, २०२७), स्वास्नी मान्छे (२०३३), मोतीराम ( २०३३), ऊ मरेकी छैन (२०३५) जस्ता नाटक र एकाङ्की प्रकाशित छन् भने यति नै सङ्ख्यामा नाटक र एकाङ्की अप्रकाशित अवस्थामा छन्। समका यी नाटकलाई पूर्वीय र पाश्चात्य दुवै वस्तुसङ्गठनका आधारबाट हेर्न सकिन्छ।

वस्तुसङ्गठन भनेको त्यसभित्र पर्ने नाट्यावस्था, अर्थप्रकृति र पञ्चसन्धिको अवस्था हो। यी तीन तत्त्वले पूर्वीय नाट्यसिद्धान्तको वस्तुसङ्गठनलाई जोड्ने काम गर्दछ। नाट्यावस्था भनेको नाटकमा जुन विषयलाई साध्य फलका रूपमा प्रस्तुत गर्न खोजिएको छ त्यसैको क्रमिक विकास हो। नाट्यावस्थालाई प्रमुख चरित्रको मानसिक विकास पनि भनिन्छ। यस अन्तर्गत आरम्भ, यत्न, प्राप्त्याशा, नियताप्ति र फलागमजस्ता पाँच अवस्था पर्दछन्। वस्तुयोजनामा पुरुषार्थ साधक पाँच अवस्था जस्तै तिनका पाँच अर्थ प्रकृति रहेका हुन्छन्। ती हुन्- बीज, बिन्दु, पताका, प्रकरी र कार्य। नाटकमा यी अर्थ प्रकृतिहरूले फलप्राप्तिको साधन वा उपायका रूपमा काम गर्दछन्। कथावस्तुको विकासलाई पूर्वापर क्रममा जोड्ने काम गर्दछन्। पञ्चसन्धि अन्तर्गत

मुख, प्रतिमुख, गर्भ, विमर्श र निर्वहण/उपसंहृति सन्धि पर्दछन्। समको मुकुन्द इन्दिरा नाटकमा वस्तुसङ्गठन अन्तर्गत पर्ने यिनै नाट्यावस्था, अर्थप्रकृति र पञ्चसन्धिको अवस्थालाई पूर्वीय नाट्य सिद्धान्तका आधारमा अध्ययन विश्लेषण गरिएको छ। समको यस नाटकलाई पूर्वीय वस्तुसङ्गठनका आधारमा केन्द्रित रहेर अध्ययन गर्नु नै यस लेखको महत्त्व रहेको छ।

## वस्तुसङ्गठनको सैद्धान्तिक पर्याधार

नाटकलाई पूर्वीय र पाश्चात्य दुई दृष्टिकोणबाट हेर्ने प्रचलन छ। पूर्वीय सभ्यताको केन्द्र दक्षिण एसिया (प्राचीन भारत) हो भने पाश्चात्य सभ्यताको केन्द्र इजियन सागर (प्राचीन ग्रीस) हो। यी दुई सभ्यता भौगोलिक रूपमा निकै टाढा भए पनि तिनमा नाटकको विधागत वैशिष्ट्य एकै प्रकारबाट विकसित भएको पाइन्छ। पूर्वमा कथावस्तुको सङ्गठन अन्तर्गत मुख्य तीन तत्त्व आउँछन् - नाट्यावस्था, अर्थप्रकृति र पञ्चसन्धि। पूर्वीय नाट्यवस्तुमा अङ्कयोजना र अर्थोपक्षेपक नाट्यरूढीका रूपमा ऐच्छिक वा वैकल्पिक रूपमा प्रयोग हुन्छन्। पूर्वीय वस्तुसङ्गठनमा मुख्य तत्त्वका रूपमा आउने अर्थप्रकृति, नाट्यावस्था र पञ्च सन्धिलाई छुट्टाछुट्टै यसरी हेर्न सकिन्छ :

### *नाट्यावस्था*

नाट्यावस्था भनेको नाटकमा जुन विषयलाई साध्य फलका रूपमा हेरिन्छ त्यसको क्रमिक विकास हो। नाट्यावस्थालाई प्रमुख चरित्रको क्रमिक विकास पनि भनिन्छ। नाटकमा फल प्राप्तिका निम्ति अघि बढ्दा आरम्भ, यत्न, प्राप्त्याशा, नियताप्ति र फलागम जस्ता पाँच अवस्था क्रमैसँग पार गर्नुपर्छ।

आरम्भ भनेको प्रचुर फलप्राप्तिको लागि उत्सुकता जाग्रत हुनु हो भने यत्न भनेको फल प्राप्तिका निम्ति उत्सुकतापूर्वक उद्योग गर्नु हो। यसैगरी प्राप्त्याशा भनेको फल प्राप्तिको इषत् सम्भावना हो भने नियताप्ति भनेको फल प्राप्त हुने निश्चितता हो अनि फलागम भनेको पूर्ण रूपमा फल प्राप्त हुनु हो।

### *अर्थप्रकृति*

वस्तु योजनामा पुरुषार्थ साधकका पाँच अवस्था भएजस्तै अर्थप्रकृतिका पनि पाँचै अवस्था रहन्छन्। ती हुन् : बीज, बिन्दु, पताका, प्रकरी र कार्य। अर्थप्रकृतिहरू फल प्राप्तिका साधन वा उपाय हुन्। यिनीहरूलाई उपादान कारक पनि भनिन्छ। अर्थप्रकृतिले कथानकको विकासलाई पूर्वापर क्रममा जोड्दछ।

बीज खेतबारीमा रोपिने सानो बिउजस्तै नाटकको प्रारम्भमा घटित हुने सूक्ष्म र सांकेतिक घटना तत्त्व हो। यही बीज बिस्तारै अङ्कुरित हुन्छ र नाट्यफलको प्राप्तितिर अग्रसर हुन्छ। बिन्दु भनेको बीज रूप कथा तत्त्वलाई बिस्तार गर्ने र अगाडि बढाउने तत्त्व हो। बिन्दुले कथानकमा नयाँ मोड उत्पन्न गर्दछ तर त्यसले कथावस्तुलाई मुख्य प्रयोजनसँग बिच्छेद हुन भने दिँदैन अर्थात् बिन्दुले मूल कथानकको विकास क्रमलाई ध्यानमा राखेर नै कथामा नयाँ मोड उत्पन्न गर्छ। पताका आधिकारिक कथानकको समानान्तर अघि बढ्ने प्रासङ्गिक कथानक हो तर यसको सम्बन्ध नायकका सहयोगीहरूसँग हुन्छ। प्रकरी पनि फल प्राप्तिको उपाय नै हो। यसको सम्बन्ध पनि नायकका सहयोगीहरूसँग नै रहेको हुन्छ। पताका मूल कथानकको समानान्तर भएर अगाडि बढ्दछ भने प्रकरी एकदेशीय मात्र हुन्छ। यसैले प्रकरीलाई आनुसङ्गिक इतिवृत्त वा कथानक भनिन्छ। पताका नायकको आफ्नो पनि स्वार्थ हुन सक्छ भने प्रकरीको नायकले स्वार्थरहीत भई मूल नायकलाई सहयोग गर्छ। नाटकमा अर्थ प्रकृतिको योजनाद्वारा फल प्राप्तिका निम्ति जेजति प्रयत्न गरिन्छ ती सबै कार्य अन्तर्गत पर्दछन्। कार्य भनेको आधिकारिक कथावस्तुलाई फलागम वा लक्ष्य प्राप्तिका दिशातर्फ अघि बढाउने साधन वा उपाय हो।

### *पञ्च सन्धि*

पञ्च सन्धि अन्तर्गत मुख, प्रतिमुख, गर्भ, विमर्श र उपसंहृति सन्धि पर्दछन्। मुख सन्धि भनेको काव्यरूपी शरीरमा जहाँ अनेक प्रकारका प्रयोजन र रसको निष्पत्तिका निम्ति बीजको उत्पत्ति हुन्छ त्यही हो। नाटकमा मुख सन्धि प्रारम्भिक नाट्यावस्था र पहिलो अर्थ प्रकृति बीजको संयोगका रूपमा देखा पर्दछ। प्रतिमुख सन्धि भनेको मुख सन्धिमा रोपिएको बीजको केही दृष्ट रूपमा र केही नष्ट रूपमा उद्घाटन हुनु हो। मुख सन्धिमा कथानकको आरम्भिक अंश बीजका रूपमा देखा परेको हुन्छ भने प्रतिमुख सन्धिमा त्यसको केही विकास भएको हुन्छ। गर्भ सन्धिमा बीजको अङ्कुर पटक पटक कतै प्रस्फुटित हुँदै अनि कतै तिरोहित हुँदै अघि बढिरहेको हुन्छ। यसलाई सामान्यतया प्राप्त्याशावस्था र पताका अर्थ प्रकृतिको परिणाम मानिन्छ। गर्भ सन्धिमा आइपुग्दा बीजको विकास निर्द्वन्द्व भावमा अघि बढ्न पाउँदैन। त्यसैले यो कतै प्रष्फुटित र कतै तिरोहित हुन

पुग्दछ। विमर्श भनेको गर्भ सन्धिमा कतै प्रष्फुटित र कतै तिरोहित हुँदै अघि बढेको बीजार्थलाई फलप्राप्तितर्फ उत्साहपूर्वक अघि बढाउनु हो। यसका निम्ति नियताप्ति र प्रकरीका बीच सम्बन्ध स्थापना हुन आवश्यक हुन्छ। केही बिघ्नहरू आइपरे पनि विमर्श सन्धि फल प्राप्तिका निम्ति अघि बढिरहन्छ। निर्वहण/उपसंहृति सन्धि भनेको नाटकको उपसंहार हो। यस चरणमा बीजसँग सम्बन्धित मुख्य कार्य व्यापारले फलागमसँग एकाकार प्राप्त गर्दछ। निर्वहण सन्धि नाटकको उपसंहार भएको हुँदा यस सन्धिमा नाटकीय घटना र त्यसैसँग सम्बद्ध सबै प्रकारका उपायहरूको संहार भैसकेको हुनुपर्दछ अनि मात्र नाटकको मूल फल पूर्ण विकासका साथ अन्तिम रूपमा प्रकट हुन पाउँछ। यही नाटकको प्रयोजन वा कार्य सिद्धि पनि हुन आउँछ। यस लेखमा नाटककार बालकृष्ण समको संयोगान्त नाटक मुकुन्द इन्दिरालाई कथावस्तुको सङ्गठन अन्तर्गत पर्ने नाट्यावस्था, अर्थप्रकृति र पञ्च सन्धिअन्तर्गतका प्रत्येकका पाँचै तत्त्वहरू नाटकमा आउने कथानकको कुनकुन ठाउँमा घटित हुन पुगेका छन् भन्ने कुराको अध्ययन गरिएको छ।

## पूर्वीय वस्तुसङ्गठनका आधारमा मुकुन्द इन्दिरा नाटकको विश्लेषण

नाटककार बालकृष्ण समद्वारा रचित मुकुन्द इन्दिरा नाटक संयोगान्त नाटक हो। यस नाटकमा पाटन निवासी रूपनारायणको छोरा मुकुन्द आफू तेह्र वर्षको हुँदा आठ वर्षकी बालिका इन्दिरासँग विवाहगरी गरी इन्दिरालाई बाबुआमासँग घरैमा छोडेर बाबुको आग्रह बमोजिम स्वास्थ्योपचार र अध्ययनका निमित्त कलकत्ता जान्छ। कलकत्तामा उसले बी.ए. पास गर्छ तर आफ्नो देश, घरपरिवार सबै बिर्सेर उतै रण्डी र रक्सीको नसामा रम्न थाल्छ। धेरै वर्षसम्म छोरो घर नफर्केपछि छोराको चिन्ताले रूपनारायण बिरामी पर्छन् भने इन्दिरा पनि पति बिछोडका कारणले बिधवाजस्तै रङ्गहीन जीवन व्यतीत गरिरहेकी हुन्छे । उनीहरुको यस्तो दुःखद् अवस्था देखेर चिन्तित रूपनारायणका साथी भवदेवले इन्दिरा र त्यस घरका लागि मुकुन्दलाई फर्काएर ल्याउने बाचाका साथ कलकत्ता जान्छन्। मुकुन्द पहिले त कुनै हालतमा पनि घर फर्कन मान्दैन तर भवदेवले एउटा सर्त राखेपछि (इन्दिराको सतीत्व डगाउने) त्यसमा सफल भएमा कलकतै फर्किने गरी भवदेवकासाथ नेपाल फर्किन्छ तर कसैगरे पनि ऊ सफल हुन सक्दैन र अन्त्यमा इन्दिरालाई स्वीकार गरी नेपालमै बस्दछ। मुकुन्द इन्दिराको यही मूल कथावस्तुलाई आधार मानेर यहाँ पूर्वीय वस्तुसङ्गठनका तीन चरण नाट्यावस्था, अर्थप्रकृति र पञ्च सन्धिका आधारमा यस नाटकलाई यसरी विश्लेषण गरिएको छ।

### *नाट्यावस्था*

साध्यफलका रूपमा प्रस्तुत गर्न खोजिएको विषयको क्रमिक विकास नै नाट्यावस्था हो। नाट्यावस्था अन्तर्गत आरम्भ, यत्न, प्राप्त्याशा, नियताप्ति र फलागम जस्ता पाँच अवस्था पर्दछन्। यी पाँचै अवस्थालाई मुकुन्द इन्दिरा नाटकमा हेर्दा :

#### *आरम्भ*

तेह्र वर्षको मुकुन्दले आठ वर्षकी इन्दिरासँग विवाह गरेर कलकत्तामा पढ्न गएपछि बी.ए. पास गरी नेपाल फर्किँदैन। मुकुन्दका बाबु रूपनारायण धेरै वर्ष बित्दा पनि छोरो नफर्केकाले उसको चिन्तामा बिरामी पर्छन्। मुकुन्दकी पत्नी इन्दिरा पनि धेरै समयसम्म पति नफर्किएपछि आफ्नो जीवनलाई नै रङ्गहीन बनाउँदै एक विधवा सरह जीवन व्यतीत गरिरहेकी हुन्छे। रूपनारायण र इन्दिराको यस्तो दयनीय अवस्था देख्दा रूपनारायणका परम मित्र भवदेवलाई निकै चिन्ता लाग्छ। भवदेवले उनीहरुको यो अवस्था देखेर सहन नसकी जसरी भए पनि कलकत्ताबाट मुकुन्दलाई फर्काएर त्यस घर परिवारका लागि फिर्ता ल्याउने वाचा गर्दछन्। यही नै यस नाटकको आरम्भ अवस्था हो। यस आरम्भ अवस्थालाई नाटककै एक अंशमा यसरी हेर्न सकिन्छ :

जाने भएँ तपाइँको छोराको खोजमा म त,  
त्यहीँ यताउता होलान् लिएर आउँला यहाँ  
मेरो भाग्य भएदेखिन् गुन लाउन पाउने  
अथवा खबरैमात्र लिएर घर फर्कुंला।

*(सम, २०४८ : १२-१३)*

#### *यत्न*

भवदेवले रूपनारायण र इन्दिरासित बाचागरी मुकुन्दलाई फर्काउन कलकत्ता जान्छन्। त्यहाँ उनले मुकुन्दलाई भेटेर इन्दिरा उसका बाबुआमा उसको घर र उसको देश नेपाल सबैले उसको आगमनको प्रतिक्षा गरिरहेको कुरा व्यक्त गरी मुकुन्दलाई नेपाल फर्काउने जुन प्रयास गरेका छन् त्यही नै यस नाटकको यत्नको अवस्था हो। नाटकमा आएको यत्नको अवस्थालाई नाटककै अंशमा हेर्दा :

शरीर यो  
तिम्रो अधीनमा छैन , यो हो नेपालको धन

नाक बान्धवको , इष्टमित्रको कान , बाबुको
श्वास, प्रश्वास आमाको, अङ्ग-प्रत्यङ्ग देशको,
सर्वस्व इन्दिराको हो उसै लान्छु म देह यो,
आत्मा जतासुकै जाऊ, चाहे आऊ सँगै सँगै।
सुख दुःख दुवै बाड्ने प्रतिज्ञामा सरी अगि
विवाह एउटीलाई गरी ल्याएर प्रेमको
तातो जल्दो कराहीमा उसलाई भुटी सधैँ
यो आफू जिउँदै भाग्ने हक के छ शरीरको ?

*(सम, २०४८ : २९-३०)*

\+ ++

यस्ता सतीहरु फेरी यहीँ छन् नाममात्रले
उसको मृत्युमा प्राण हरियो भै पह्लाउँछ ,
सब घाउ निको हुन्छन् पृथ्वीका हर ठाउँमा
शान्ति बर्सन्छ, यो भूमि देवताका विहारको
योग्य हुन्छ। यही खालभित्र छन् इन्दिरा पनि,
यस्तो त एउटै फूल फुछ बाह्र बसन्तमा।
(मुकुन्द हाँस्तछ)
के हाँस्छौ ? सत्य मर्दैन केहीसम्म सुते पनि,
जाऊ हेर नपत्याए।

*(सम, २०४८ : ३३)*

### *प्राप्त्याशा*

कलकत्तामा रण्डी र रक्सीको लतमा लागेर डुबेको मुकुन्द पहिले त भवदेवले जति सम्झाउँदा पनि नेपाल फर्कन मान्दैन तर पछि भवदेवले ऊसँग एउटा सर्त राख्दछन्। सर्तअनुसार यदि मुकुन्दले इन्दिराको पतिब्रता धर्म नष्ट गर्न सक्यो भने मुकुँद सधैँका लागि नेपालबाट फर्केर आउने तर उसले यसो गर्न नसकेमा इन्दिरालाई नै पत्नीका रूपमा स्वीकार गरेर सधैँ इन्दिरासँगै नेपालमै बस्नुपर्ने हुन्छ। बाहिरका देह व्यापार गर्ने महिलाको सङ्गतमा परेको मुकुन्दले इन्दिरा पनि ती रण्डीहरूजस्तै आफ्नो शरीर सहजै अरुलाई सुम्पन्छे र म कलकत्ता फर्किन पाउँछु भन्ने भ्रमका साथ उसले भवदेवको सर्तलाई स्वीकार गर्दछ। उसले भवदेवको सर्तलाई स्वीकार गरेर नेपाल फर्किने अठोट गर्नु नै यस नाटकको प्राप्त्याशाको अवस्था हो। यस अवसथालाई सङ्केत गर्ने नाटकको एक अंश :

मुकुन्द , बिन्ति लौ 'हुन्छ' भन , बिन्ति छ , ईश्वर
माथि हेरिरहेका छन् , मुख बाएर वाल्ल भै
उता नेपाल खाल्डो पर्खेको छ , बिचेत भै
मरेको नेत्रले मागेजस्तै जीवन इन्दिरा
बाटो ढुकिरहेकी छन् तिम्रो चरणको , तिमी
ढुङ्गा नबन लौ हुन्छ भन-
\+++ +

लौ म जाने भएँ
\++ + +

म उहाँ गई
स्त्री कस्ता फितला हुन्छन् सिन्काभन्दा , सफा खिंची
तसवीर तपाइँको अगि राखेर एकलै
सधैंको लागि नेपाल छोडेर आउँछु।

*(सम, २०४८ : ३४)*

### *नियताप्ति*

भवदेवसँग ससर्त नेपाल फर्केको मुकुन्दले इन्दिराको सतीत्व डगाउनका लागि अनेक प्रयास गर्छ। उसले छद्म भेष धारण गरी इन्दिरासँग मुकुन्दका बारेमा अनेक कुराहरु गरेर म तिमीसँग विवाह गर्न चाहन्छु भन्ने प्रस्ताव समेत राख्दछ तर एक सती सावित्री नारी इन्दिरा कसै गरे पनि उसको बहकाउमा आउँदिन। केही सीप नलागेपछि मुकुन्द राति इन्दिरा सुत्ने कोठामा खुकुरीसहित झ्यालबाट चढेर जान्छ। इन्दिराले पनि आफ्नो सतीत्व जोगाउन दुवै हातमा खुकुरी लिएर मुकुन्दमाथि प्रहार गर्दछे। इन्दिराले यसरी मुकुन्दमाथि खुकुरी प्रहार गरेको अवस्था नै यस नाटकको नियताप्तिको अवस्था हो। यस अवस्थालाई नाटककै एक अंशमा हेर्दा :

झूल खोल्दछ , इन्दिरालाई त्यहाँ नदेखी सिरक झिकेर
बाहिर फ्याँक्दछ । अनि
झूल छिनाल्दछ। दुवै हातमा नाङ्गा खुकुरी लिएकी इन्दिरा
झूल पछिल्तर देखिन्छे।
..... मुकुन्द इन्दिरालाई समात्न जान्छ ; इन्दिरा चिच्याएर
दुवै हातको खुकुरीले
हान्दछे। मुकुन्द हात र टाउकोमा लागि ढल्दछ।

*(सम, २०४८ : ११६-११८)*

### *फलागम*

इन्दिराले मुकुन्द माथि आफ्नो शरीर रक्षाका लागि खुकुरी प्रहार गरेपछि बाहिरबाट भवदेवले इन्दिरा त्यो तिम्रो पति मुकुन्द हो , त्यो मर्ला है ! त्यसका हातमा रहेका खुकुरी खोस भनेर जानकारी गराएपछि उसले त्यही व्यक्ति नै आफ्नो पति मुकुन्द रहेछ भनेर थाहा पाउँछे र उसका सबै गल्तीहरु नजरअन्दाज गरी उसलाई सहर्ष स्वीकार गर्छे। यही अवस्था नै यस नाटकको फलागमको अवस्था हो।

### *अर्थ प्रकृति*

पूर्वीय वस्तु सङ्गठन अन्तर्गत पर्ने अर्को तत्त्व अर्थप्रकृति हो। यस अन्तर्गत बीज, बिन्दु, पताका, प्रकरी र कार्य जस्ता पाँच अवस्था पर्दछन्। अर्थ प्रकृति अन्तर्गत पर्ने यी पाँचै अवस्थाका आधारमा समको मुकुन्द इन्दिरा नाटकलाई यसरी हेर्न सकिन्छ :

### *बीज*

तेह्र वर्षको कलिलो उमेरमा आठ वर्षकी बालिका इन्दिरालाई विवाह गरी श्रीमतीलाई बाबुआमासँगै नेपालमा छोडेर मुकुन्द पढ्नका लागि कलकत्ता जान्छ। कलकत्तामा उसले पढ्न त पढ्छ तर ऊ नराम्रा साथीको सङ्गतमा लागेर आफ्नो घरपरिवार आफ्नो कर्तव्य सबै बिर्सी उतै रण्डी र रक्सीको कुलतमा फस्न पुग्छ। यता धेरै समयसम्म छोरो नफर्किएपछि मुकुन्दका बाबु रूपनारायण बिरामी पर्छन् भने यति धेरै लामो  समयसम्म पनि पतिले आफूलाई सम्झेर नआएपछि इन्दिराले पनि एक बिधवाले जस्तै बेरङ्गको जीवन व्यतीत गरिरहेकी हुन्छे। रूपनारायण र इन्दिराको यस्तो दुःखलाग्दो अवस्थाबाट रूपनारायणका साथी भवदेव चिन्तित हुन्छन्। उनले रूपनारायण र इन्दिराको त्यो पीडाजन्य अवस्था देखेर चिन्तित हुनु नै यस नाटकको बीज हो। यस अवस्थालाई नाटकका तलका हरफहरूले पनि अझ प्रष्ट पार्दछन् :

हामी छँदैछौँ, इन्दिरा, तिमी
मान्छयौभने त मै जान्छु , पत्ता लिन्छु , यहाँ अनि
सँगै लिएर फर्कन्छु , साक्षी हुन् परमेश्वर,
म बाटो लाग्छु चाँडै नै निःसन्देह तिमी रहू।
तिम्रो कुरा उनीलाई केही भन्ने भए भन।
 ( इन्दिरा भूइँमा बसेर खाटमा घोप्टो परी रून्छे)
भैगो तिम्रो यो आँसु नै होला तिम्रो सन्देशको मसी। (सम, २०४८ : १२)

### *बिन्दु*

धेरै वर्षसम्म घरपरिवारलाई बिर्सेर कलकत्तामा रहेको मुकुन्दलाई फर्काउन भवदेव कलकत्ता जान्छन्। पहिले त मुकुन्द भवदेवसँग घर फर्कन मान्दैन तर पछि भवदेवले मुकुन्दलाई एउटा सर्त राख्छन् । त्यस सर्तमा मुकुन्दलाई आफैले जित्छु भन्ने दृढ निश्चय हुन्छ र ऊ  भवदेवको सर्तलाई स्वीकार गरेर नेपाल फर्कन्छ। नाटकको यो अवस्था भनेको बिन्दुको अवस्था हो। बिन्दुको यस अवस्थालाई नाटकको एक सानो अंशमा हेर्दा :

  म उहाँ गई
स्त्री कस्ता फितला हुन्छन् सिन्काभन्दा, सफा खिंची
तसवीर तपाइँको अगि राखेर एकलै
सधैँको लागि नेपाललाई छोडेर आउँछु। (सम, २०४८ : ३४)

### *पताका*

पताका भनेको नाटकको प्रारम्भ अवस्थादेखि नै मूल कथानकको सहायक भएर र नाटकको अन्त्यसम्म पनि सँगसँगै जाने घटना या कार्य व्यापार हो तर यस नाटकमा मुख्य घटना वा कथानकलाई सहयोग पुर्‍याउने वा सँगसँगै अगाडि बढ्ने अर्को कथानक नरहेको हुँदा यस नाटकमा पताकाको अवस्था रहेको देखिँदैन।

### *प्रकरी*

प्रकरी अन्तर्गत यस नाटकमा भेष बदलेर आएको मुकुन्दले आफू विवाह गर्न नेपालमा आएको कुरा इन्दिरासँग व्यक्त गरेपछि उसले छद्म भेषधारी मुकुन्दको विवाह गराउनका निमित्त आफ्नो मामाकी छोरीको प्रसङ्ग ल्याएको अवस्था आएको छ। इन्दिराले रूप बदलेको मुकुन्दलाई आफ्नी मामाकी छोरी बिहे गरिदिएमा त्यो मानिस आफूबाट पन्छिने र आफ्नो सतीत्व जोगाउन सरल हुने विचारले मामाकी छोरीको बिहेको प्रसङ्ग ल्याएकी हो। उसले यो प्रसङ्ग ल्याएपछि फेरी पनि माइत गएर आउँदा उसले मुकुन्दलाई बिहे गर्ने भनेकी बहिनीको बिहेको कुरो छिनेको प्रसङ्ग दोहोरिएको छ भने इन्दिराको आफ्नो सतीत्व जोगाउन त्यसबाट टाढा रहने सोचाइले पनि कथानकको अन्त्यमा सफलता प्राप्त गरेको छ। यसरी नाटकमा आएको यो कथांश प्रकरीको एक अवस्था बन्न पुगेको छ। यस प्रसङ्गलाई नाटककै अंशमा यसरी हेर्न सकिन्छ :

उसो भए
पर्खनोस् है त लौ, मेरै मामाकी एउटी यहीँ
छोरी छ, बहिनी मरी, ज्यादै राम्री छ,के त्यहीँ
कुरा चलाउँ ?
    ++++
मामाकी छोरी– बहिनीको पनि बिहाको कुरा छिनिसके रे। (सम, २०४८ : ९०)

### *कार्य*

यस नाटकमा  रुपनारायण र इन्दिराको अवस्था देखेर चिन्तित भवदेव मुकुन्दलाई फर्काउन कलकत्ता जानु, पहिले भवदेवले जति सम्झउँदा पनि मुकुन्द घर फर्कन नमान्नु, पछि भवदेवले एउटा सर्त राखेपछि उसको सर्तलाई स्वीकारी मुकन्द नेपाल फर्किनु, भवदेवसँगको सर्तअनुसारको सफलता प्राप्त गर्न नसकेपछि मुकुन्द नेपालमै बस्ने बिचार गर्नु र नाटकको अन्त्यमा मुकुन्द र इन्दिरा दुवैको शृङ्गारपूर्ण मिलन हुनु जस्ता सम्पूर्ण घटना अथवा कार्य व्यापारहरू यस नाटकमा कार्यअन्तर्गत आएका छन्।

### *पञ्च सन्धि*

वस्तुसङ्गठन अन्तर्गत पर्ने तेस्रो तत्त्व पञ्च सन्धि हो। यो पञ्च सन्धिअन्तर्गत पनि पाँचै अवस्थाहरू पर्दछन् । ती पाँच अवस्था भनेका मुख, प्रतिमुख, गर्भ, विमर्श र उपसंहृति/ निर्वहण हुन्। यी पञ्च सन्धिको अवस्थालाई मुकुन्द इन्दिरा नाटकमा यसरी हेर्न सकिन्छ :

### *मुख सन्धि*

मुकुन्दको इन्दिरासँग विवाह भएर ऊ कलकत्ता जानु, ऊ उतै रण्डी र रक्सीमा भुलेर आफ्नो घर परिवार र कर्तव्यलाई बिर्सिनु, यता रूपनारायण र इन्दिराको अवस्था दयनीय हुनु, उनीहरूको यो अवस्था भवदेवलाई असहनीय बन्नु र भवदेवले  त्यस घरका निम्ति मुकुन्दलाई फर्काउन कलकत्ता जाने विचार गरी त्यसको तयारी गर्नुसम्मका जेजति प्रसङ्ग छन् ती सबै यस नाटकमा मुख सन्धिका रूपमा आएका छन्।

### *प्रतिमुख सन्धि*

कलकत्ताका खराब साथीहरूसँगको सङ्गतका कारणले गर्दा मुकुन्द उतैको रसरङ्गमा रमाउनु, उसलाई फर्काउन गएका भवदेवसँग मुकुन्द नेपाल फर्किन नमान्नु, मुकुन्द नेपाल फर्किन नमान्दासम्म भवदेवले निरन्तर प्रयास गरिरहनु, पहिले केही गरी फर्किन नमानेको मुकुन्दले पछि भवदेवको निकै आग्रहपूर्वक गरिएको सर्तलाई स्वीकार गरी नेपाल फर्किनुजस्ता नाट्यावस्थाहरू नाटकमा प्रतिमुख सन्धि बनेर आएका छन्। भवदेवले मुकुन्दलाई फर्काउन गरेको ससर्त प्रयास जुन छ त्यसलाई प्रष्ट पार्नका निम्ति नाटककै एक अंश :

धारामा  इन्दिरालाई भेट, जाँच , कुरा भन।
झुत्रे लुत्रे थियो साह्रै त्यो उनीको मुकुन्द त
आइपुदैनथ्यो तिम्रो घाँटीमा पनि साँच्चि नै
इन्दिराले तिमीलाई चिन्न नै सक्तिनन् अनि
फर्काउ यदि कोही छ , सती मन डगाउन
सक्ने भने तिमी नै छौ रूप-यौवनले भरी
आफ्नीको जाँच आफूमा आफै , भक्ति उहाँपछि ,
फेला पर्‍यो भने केही चूक फर्क यहीँ तिमी
नत्र बाजी जितैँ मैले उहीँ आनन्दले बस !
 (उठेर मुकुन्दलाई समाती)
मुकुन्द, बिन्ति लौ 'हुन्छ' भन , बिन्ति छ , ईश्वर
माथि हेरिरहेका छन् , मुख बाएर वाल्ल भै
उता नेपाल खाल्डो त्यो पर्खेको छ , बिचेत भै
मरेको नेत्रले मागे जस्तै जीवन इन्दिरा
बाटो ढुकीरहेकी छन् तिम्रो चरणको , तिमी
ढुङ्गा नबन , लौ हुन्छ भन (सम, २०४८ : ३४)

### *गर्भ*

भवदेवसँग ससर्त नेपाल फर्किएको मुकुन्दले पँधेरामा पानी लिन गएकी इन्दिरालाई अनेक बाहाना गरेर फकाउँछ।उसले मुकुन्दका बारेमा अनेक नराम्रा कुराहरु गरेर इन्दिराको मन परिवर्तन गराउन खोज्छ र इन्दिराले त्यस्तो निष्ठुरी मुकुन्दलाई कुरेर बस्नुभन्दा आफूले ऊसँग विवाह गर्न चाहेको कुरा अगाडि राख्छ तर इन्दिरा कसैगरे पनि उसको बहकाउमा लाग्दिन। मुकुन्द पनि इन्दिरालाई सजिलै फकाउन नसकिने रहेछ भनेर एकदिन साँझ सुत्ने बेलामा झ्यालबाट इन्दिराको कोठामा प्रवेश गर्छ। इन्दिरा झूल कसेर सुत्ने तरखरमा लागेकी हुन्छे। अचानक आफ्नो कोठामा पराई पुरुष देखेपछि इन्दिराले जुन बाटो आएको हो त्यही बाटो फर्किन आग्रह गर्छे नत्र भने आफूले हल्ला मचाउने त्रास समेत देखाउँछे तर इन्दिराको कुनै कुराको पर्वाह नगरी मुकुन्द इन्दिरातिर अगाडि बढ्छ। इन्दिराले पनि आफ्नो सतीत्व रक्षाका निमित्त दुबै हातमा खुकुरी लिएर मुकुन्दमाथि जाइलाग्छे। नाटकमा आएका यी समस्त कुराहरू गर्भ सन्धिका रूपमा आएका छन्।

### *विमर्श*

इन्दिराको परीक्षा लिइरहेको मुकुन्दले अनेक प्रयास गर्दा पनि इन्दिरालाई हलचल गराउन नसकेपछि मनमनमा आफ्नो हार स्वीकार गरिसकेको हुन्छ, इन्दिरालाई एक सती सावित्रीका रूपमा पाएपछि उसले मनमनै इन्दिरालाई

मन पराई ऊतर्फ आकर्षित पनि हुन्छ। ऊ इन्दिराका सबै व्यवहारबाट सन्तुष्ट हुन्छ तर अन्तिम पटक वारपारको परीक्षा लिनका निम्ति ऊ इन्दिराको कोठाका प्रवेश गर्छ। इन्दिरा कुनै हालतमा पनि परपुरुषसँग आफूलाई नसुम्पिने , बरु उसको ज्यान समेत लिन पछि नपर्ने, सधैं मुकुन्दकै भएर रहने दृढनिश्चयी नारी भएकी हुनाले हातमा खुकुरी लिएर मुकुन्दमाथि प्रहार गर्छे। यसरी मुकुन्दको अन्तिम परीक्षामा समेत इन्दिरा खरी भएर उत्रिनु विमर्श सन्धि अन्तर्गत आएका छन्। गर्भ सन्धिको पछिल्लो अवस्था र विमर्श सन्धिका पछिल्ला घटनामा भने केही समानान्तरताको अवस्था नाटकमा देख्न सकिन्छ।

### *निर्वहण सन्धि*

इन्दिराले मुकुन्दलाई खुकुरी प्रहार गरेपछि बाहिरबाट भवदेवले इन्दिरा त्यही नै तिम्रो मुकुन्द हो भनेर इन्दिरालाई जानकारी दिन्छन्। इन्दिराले आफ्नो पति मुकुन्दलाई चिनिसकेपछि सहर्ष स्वीकार गर्छे र दुवैजना एउटै कोठामा मीठामीठा कुरा गर्दै सुत्छन्। यही नै यस नाटकको उपसंहारको अवस्था हो। यस अवस्थााई नाटककै अंशमा हेर्दा :

मुकुन्ददुवैलाई मृत्युले पनि एउटै
सम्फोस् , आयु सँगै जोडोस् दुवैको अनिमात्र त्यो
लिन आओस् यहाँ हामी बिहा सम्फी दुवै जना
सोलाको शुद्ध जग्गेमा हाँस्तै बाजाहरूसित
जाऔँला साथमा।
++++
इन्दिरा हामीहरू पनि
ओछयाई प्रेमको तन्ना टम्म नेपालमा कसी
सेवाको पौडी खेलौँला पसिनामा दुवै पसी ! (सम, २०४८ : १२५)

## निष्कर्ष

पूर्वीय वस्तुसङ्गठन अन्तर्गत पर्ने तीन अवस्था नाट्यावस्था, अर्थप्रकृति र पञ्च सन्धिका आधारमा मुकुन्द इन्दिरा नाटकको अध्ययन गर्दा ती तीनै अवस्था अन्तर्गत पर्ने पाँचपाँचवटै तत्त्वमध्ये अर्थप्रकृति अन्तर्गत पर्ने एक तत्त्व पताका बाहेक अन्य सबै तत्त्व र अवस्था नाटकमा घटित हुन पुगेका छन्। आरम्भ, बीज र मुख अन्तर्गत पर्ने कथावस्तुमा समानताको अवस्था छ भने अन्य अवस्थाहरू पनि यसरी नै समानान्तर रूपमा घटित हुन पुगेको अवस्था नाटकमा देख्न सकिन्छ। वस्तुसङ्गठनका तीनै अवस्था नाटकमा सरसर्ती नै भेटिने भएको हुँदा यस सम्बन्धि अध्ययनका दृष्टिकोणबाट यो नाटक सफल बन्न पुगेको छ।

## सन्दर्भ सामग्री

उपाध्याय, केशबप्रसाद. *समको दुःखान्त नाट्यचेतना.* दो.संस्क.काठमाडौं : प्रज्ञा प्रतिष्ठान, २०५२। भट्टराई, गोबिन्दप्रसाद. भरतको नाट्यशास्त्र. काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०५९।

सम, बालकृष्ण. *मुकुन्द इन्दिरा.* १५औं संस्क. ललितपुरः साभा प्रकाशन, २०४८।